# १०६ औं नगर कार्यपालिका वैठकका निर्णयहरु

**निर्णय नं. १** जिरी नगर कार्यपालिकाको १०५ औं वैठकवाट भएका निर्णयहरुको कार्यान्वयनको अवस्था वारे वैठकमा जानकारी गराई समीक्षा गरियो ।

**निर्णय नं. २** जिरी नगरपालिकाको आ.व.२०८०/०८१ को स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत कृषि र पशु क्षेत्रमा महिला आय आर्जन कार्यक्रम संचालन शीर्षकमा विनियोजित प्रत्येक वडालाई २/२ लाख वजेट सम्बन्धित वडा समितिको निर्णयवाट कार्यक्रम संचालन गर्न कार्यपालिकावाट सम्वन्धित वडा समितिलाई जिम्मा दिने गरी निर्णय भएकोमा वडा नं.७ को वडा समितिको निर्णयबाट लाभग्राही छनौट गरी पशुपालन (भैसी) अनुदान उपलव्ध गराउन गरिएको सिफारिस वमोजिम मिति २०८१/०३/२३ गते को कार्यपालिकाको वैठकवाट अनुमोदन गरी अनुदान उपलव्ध गराईएकोमा केहि स्थानीय नागरिक एवम् सामाजिक संजालहरुमा लाभग्राही छनौट सम्वन्धी वडा समितिको निर्णय र प्रक्रिया चित्त बुझ्दो नभएको उजुरी एवम् गुनासो प्राप्त भएको सम्वन्धमा बुझ्दा वडा समितिवाट अनुदान वितरणको लागि छनौट गरिएको लाभग्राहीहरु वडा पदाधिकारीका नजिकका नातेदारहरु मात्र छनौट भएको देखिएका हुँदा लाभग्राही छनौट गर्ने वडा समितिको निर्णय एवम् सिफारिसमा त्रुटी देखिएकोले सम्वन्धित वडा पदाधिकारी मार्फत सम्वन्धित अनुदान बुझ्ने लाभग्राहीवाट नगरपालिकावाट प्रदान गरिएको अनुदान रकम असुल गरी नगरपालिकाको खातामा जम्मा गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३** यस नगरपालिकावाट निर्माण भएको चमेना गृह संचालनको लागि भाडाको हकमा न्यूनतम भाडा रकममा वढावढ गरी एवम् चमेना गृहमा उपलव्ध गराउने खाने कुराको हकमा प्रति ईकाई अधिकतम मूल्यमा घटाघट गरी १५ दिनको सार्वजनिक सूचना प्रकाशन गर्ने निर्णय गरियो ।

क) न्यूनतम भाडा रु. ६५२५।-(छ हजार पाँच सय पच्चीस)

ख) प्रति ईकाई मूल्य दर

| क्र.स. | विवरण | इकाइ | अधिकतम मूल्य रु. |
|---|---|---|---|
| १ | कालो चिया | प्रति कप | १५ |
| २ | दूध चिया | प्रति कप | २५ |
| ३ | लेमन चिया | प्रति कप | १५ |
| ४ | कफि कालो | प्रति कप | ३० |
| ५ | दूध कफि | प्रति कप | ४० |
| ६ | तरकारी | प्रति प्लेट | २० |
| ७ | सादा खाना/ढिडो | प्रति सेट | ११० |
| ८ | चिकेन खाना/ढिडो (ब्रोइलर) | प्रति सेट | १८० |
| ९ | चिकेन खाना/ढिडो (लोकल) | प्रति सेट | २२० |
| १० | मटन खाना/ढिडो | प्रति सेट | ३०० |
| ११ | मसरुम/पनिर खाना | प्रति सेट | १५० |
| १२ | भेज चाउमिन | प्रति प्लेट | ८० |
| १३ | अण्डा चाउमिन | प्रति प्लेट | १०० |
| १४ | थुक्पा | प्रति प्लेट | ५० |

CamScanner

| क्र.स. | विवरण | इकाइ | अधिकतम मूल्य रु. |
|---|---|---|---|
| १५ | चिकेन थुक्पा | प्रति प्लेट | १०० |
| १६ | आलु पराँठा तरकारी | प्रति सेट | ५० |
| १७ | अण्डा चिउरा | प्रति प्लेट | ६० |
| १८ | भेज खाजा सेट( चिउरा, तरकारी, अचार, सलाद, भटमास) | प्रति सेट | १०० |
| १९ | नन भेज खाजा सेट( चिकेन, तरकारी, अचार, चिउरा, सलाद, भटमास) | प्रति सेट | १५० |
| २० | दुनट सादा | प्रतिगोटा | १५ |
| २१ | सेल रोटी | प्रतिगोटा | १५ |
| २२ | चना | प्रति प्लेट | २५ |
| २३ | समोसा | प्रतिगोटा | २० |
| २४ | अण्डा उसिनेको | प्रतिगोटा | २५ |
| २५ | आलु फ्राई | प्रति प्लेट | ३५ |
| २६ | भेज मःम | प्रति प्लेट | ८० |
| २७ | चिकेन मःम | प्रति प्लेट | ११० |
| २८ | बफ मःम | प्रति प्लेट | १०० |
| २९ | दूध | प्रति ग्लास | ३० |
| ३० | दही | प्रति ग्लास | ३० |
| ३१ | मोही | प्रति ग्लास | २० |
| ३३ | लस्सी | प्रति ग्लास | ५० |
| ३४ | पकौडा | प्रति गोटा | १५ |
| ३५ | रोटी तरकारी | प्रति प्लेट | ३५ |
| ३६ | पुरी तरकारी | प्रति प्लेट | ३५ |
| ३७ | सुप (भेज, मसरुम,चिकेन) | प्रति प्लेट | ५० |
| ३८ | सलाद सेट | प्रति प्लेट | ८० |
| ३९ | कोदो/फापर रोटी | प्रति पिस | २० |
| ४० | खिर | प्रति प्लेट | ५० |
| ४१ | फ्रुट सलाद | प्रति सेट | ८० |
| ४२ | खसी भुटन | प्रति प्लेट | ९० |
| ४३ | जेरी | प्रति पिस | १५ |

**निर्णय नं. ४** यस नगरपालिकाको स्वीकृत दरवन्दी वमोजिम इन्जिनियरिङ सेवाका रिक्त दरवन्दी मध्येका आवश्यक पदहरु पदपूर्ति गर्न अति आवश्यक भई विभिन्न मितिमा वागमति प्रदेश लोक सेवा आयोगमा पदपुर्तिको लागि माग गरि पठाईएकोमा हाससम्म उम्मेदवार सिफारिस भई नआएको, दरवन्दी वमोजिमका इन्जिनियरिङ सेवाका प्राविधिक कर्मचारी पदपूर्ति नहुँदा विकास निर्माण कार्यमा वाधा पुगेको हुँदा प्रत्येक वडामा एक एक जना प्राविधिक जनशक्तिको व्यवस्थापन गर्ने गरी लोक सेवा आयोगवाट पदपूर्ति नहुँदासम्मको लागि २ जना असिस्टेन्ट सव इन्जिनियर पद सेवा करारवाट पदपूर्ति गर्न प्रक्रिया अविलम्व अगाडी वढाउने निर्णय गरियो ।

CS CamScanner

**निर्णय नं. ५** यस नगरपालिकाको रिक्त इन्जिनियरिङ पदमा करार सेवामा प्राविधिक शाखा प्रमुखको रुपमा कार्यरत ईन्जिनियर श्री कृष्ण ज्ञवालीलाई स्थानीय सेवा छैटौं तहको शुरु तलव स्केल वरावरको तलव र निजको कार्य जिम्मेवारीको वोझ वढी भएको हुँदा खाजा एवम् संचार खर्च वापत मासिक रु. ५०००।- (अक्षरेपी पाँच हजार समेत उपलब्ध गराउने गरी मिति २०८१/०४/०१ गते देखि हाललाई ६ महिनाको लागि करार सेवा सम्झौता नविकरण गर्ने निर्णय गरियो ।

**निर्णय नं. ६** यस नगरपालिकाको लागि आर्थिक वर्ष २०८०/०८१ संघीय सरकार शसर्त अनुदान तर्फको EBA II आयोजनाको जम्मा रु. ४६,००,०००।-(छयालीस लाख) वजेट विनियोजन भएकोमा जिविकोपार्जन योजनाको रकम कम निकासा भई उपभोक्ता समितिलाई भुक्तानी गर्नुपर्ने बाँकी रकम रु.४,४१,५७४।-(चार लाख एकचालीस हजार पाँच सय चौरहत्तर) र कन्टेन्जेन्सीवाट भुक्तानी हुनुपर्ने रकम रु. १,३१,५०७।-(एकलाख एकतीस हजार पाँच सय सात) नेपाल सरकार वन तथा वातावरण मन्त्रालयसंग माग गर्ने निर्णय गरियो ।

**निर्णय नं. ७** यस नगरपालिकाको वडा नं. २, ३, ८ र ९ कार्यालयको सिफारिस एवम् प्राविधिक मूल्यांकन वमोजिम अवरुद्ध सडक सफा गर्न लागेको विल वमोजिमको रकम नगरस्तरीय सडक सरसफाई शीर्षकवाट भुक्तानी दिने निर्णय गरियो ।

**निर्णय नं. ८** यस नगरपालिकाको १४औं नगरसभाको निर्णयवाट वडा नं. ४ र ६ मा आधारभूत स्वास्थ्य केन्द्र संचालनको लागि देहाय वमोजिम पदहरु सेवा करारमा लिने प्रकृया अधि वढाउने निर्णय गरियो ।

१) अ.हे.व. २ (दुई)

२) अ.न.मी. २ (दुई)

३) का.स. २ (दुई)

CamScanner